अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः- ०७५/७६
च.नं. - ९६६९

मितिः २०७५।११।०७

बिषयः आर्थिक वर्ष २०७५/७६ को समपुरक तथा विशेष अनुदानको मार्गदर्शन सम्वन्धमा ।

श्री बागमती नगरपालिका,
सर्लाही, प्रदेश नं. २ ।

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ तथा समपूरक तथा विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ बमोजिम नेपाल सरकारले आर्थिक वर्ष २०७५।०७६ मा तहाँ स्थानीय तहलाई हस्तान्तरण गरिएको समपूरक तथा विशेष अनुदानको विवरण तथा सो अनुदान रकम बमोजिमका अयोजना कार्यान्वयन गर्ने मार्गदर्शन नेपाल सरकार अर्थ मन्त्रालय(माननीय मन्त्रीस्तर) को मिति २०७५।११।०७ को निर्णयानुसार देहाय बमोजिम रहेको छ। प्रचलित ऐन, नियम, निर्देशिका र कार्यविधि तथा देहाय बमोजिमको मार्गदर्शनको अधिनमा रही आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाउन हुन निर्णय अनुसार अनुरोध छ। साथै तहाँ स्थानीय तहलाई समपूरक र विशेष अनुदान बापत तपसीलमा उल्लेख भएको रकम LMBIS मा प्रविष्ट गरी आयोजनाको विवरण पनि यसैसाथ संलग्न गरेको छु ।

| समपुरक अनुदान (रु. हजारमा ) | विशेष अनुदान (रु. हजारमा ) |
| --- | --- |
| २३२७८ | २९४१२ |

समपूरक/विशेष अनुदान रकम खर्च गर्ने मार्गदर्शन

(क) आयोजना कार्यन्वयन गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ ले निर्धारण गरेको प्रक्रिया (आयोजना/कार्यक्रमको सम्भाव्यता अध्ययन (फिजिविलिटी स्टडी), ड्रइङ्ग डिजाइन र स्पेशिफिकेशन सहितको विस्तृत विवरण तयार) पूरा गरी कार्यविधिले तोकेको क्षेत्रमा मात्र खर्च गर्नु पर्ने ।

(ख) अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १० र ११ तथा समपूरक/विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा (३) बमोजिम स्थानीय तहबाट प्रस्तावित आयोजनाहरु मध्येबाट प्राथमिकीकरण गरी कार्यान्वयन गर्नु पर्ने ।

(ग) समपूरक अनुदानको हकमा सम्वन्धित स्थानीय तहले अनिवार्य रुपमा ६० प्रतिशत खर्च व्यहोर्ने सुनिश्चित गरेर मात्र खरिद प्रक्रिया अघि बढाउनु पर्ने ।

(घ) यस्ता आयोजनाहरु वहुवर्षीय खरिद प्रकृयामा जानुपर्ने भएमा स्थानीय संचित कोषबाट मात्र खर्च व्यवस्थापन गर्नु पर्ने ।

फोन नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेव साईट: www.mof.gov.np

# अर्थ मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

(ङ) छनौट भएका आयोजनाहरुमा थप अनुदान प्राप्त नहुने हुँदा सोही अनुसार कार्ययोजना बनाइ खर्च गर्नु पर्ने ।

(च) विशेष अनुदान स्वरुप प्राप्त हुने अनुदान रकम एउटा आयोजनामा मात्र खर्च नगरी विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ३ मा उल्लेखित क्षेत्रमा समेत खर्च गर्नुपर्ने ।

(छ) विनियोजन ऐन, २०७५ को दफा ४ को उपदफा (११) बमोजिम समपूरक र विशेष अनुदान वापत नेपाल सरकारबाट हस्तान्तरण भई आएको रकम २०७६ असार मसान्तसम्ममा खर्च नभएमा सम्बन्धित स्थानीय तहले कोष तथा लेखा नियन्त्रक कार्यालय मार्फत संघीय संचित कोषमा दाखिला गर्नु पर्ने ।

(ज) आयोजना कार्यान्वयन गर्दा समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ४ को उपदफा (२) बमोजिम नेपाल सरकार वा प्रदेश सरकार र स्थानीय तहहरुले अन्य श्रोतबाट कार्यान्वयन गर्ने आयोजना/कार्यक्रम र हाल संचालनमा रहेका आयोजना/कार्यक्रम सँग दोहोरो नपर्ने गरी कार्यान्वयन गर्नुपर्ने ।

(झ) कार्यान्वयन गरिने आयोजनाहरु समपूरक अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ९ को उपदफा (२) र विशेष अनुदान सम्बन्धी कार्यविधि, २०७५ को दफा ८ को उपदफा (२) बमोजिम उपभोक्ता समिति मार्फत खर्च गरी संचालन गर्न नहुने ।

...........................................
(हरिशरण पुडासैनी)
सह-सचिव

नं.:- बजेट म. ४२११८०१, प्रशासन म. ४२११७४८, स.स.म. ४२११९९३, राजस्व व्य.म. ४२११८६७, अ.आ.स.स.म. ४२११८३७
आ.नि.बि.म. ४२११८२६, अनुगमन तथा मू.म. ४२००४१८, कानून तथा प.म. ४२११८१३, वि.क्षे.व्य.म. ४२११७७०
फ्याक्स नं. ४२११९६४, ४२११३४८ (बजेट म.), ४२१११६५, (अ.आ.स.स.म.)
ईमेल : admindivision@mof.gov.np, वेब साईट: www.mof.gov.np